मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा
राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## रोटरी क्लब अफ हेटौंडाद्वारा वृक्षरोपण

हेटौंडा, १० साउन/हेटौंडा-८ चन्द्रोदय मावि र मनहरी-३ र ४ हाँडीखोलामा बृक्षरोपण गरिएको छ । रोटरी क्लब अफ हेटौंडाको आयोजनामा शनिबार वृक्षरोपण गरिएको हो । ३ सय भन्दा बढी फलफूल र विभिन्न जातका विरुवा रोपिएको रोटरी क्लब अफ हेटौंडाका अध्यक्ष प्रमेश प्रधानले जानकारी दिए । उनका अनुसार रोटरी ३२९२ ले देशभरि ५० हजार विरुवा रोप्ने लक्ष्यलाई पूरा गर्न रोटरी क्लब अफ हेटौंडाले ३०० विरुवा रोपेको हो । हेटौंडा उपमहानगरका नगरप्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्यतामा वृक्षरोपण भएको हो । कार्यक्रममा हेटौंडा-८ का वडाध्यक्ष रामकृष्ण थापा, चन्द्रोदय माविका प्रधानाध्यापक जिधराज ढकाल लगायतको आतिथ्यता रहेको थियो । रोटरी डिस्ट्रिक्ट ३२९२ मा भुटानको १ र नेपालको १६४ गरी जम्मा १६५ रोटरी क्लब रहेको छ ।

# अविश्वास प्रस्तावको सामना गर्ने मुख्यमन्त्री लामाको तयारी

साझाकुरा संवाददाता

हेटौंडा, १० साउन/ बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामा अविश्वास प्रस्तावको सामना गर्ने तयारीमा छन् । उनले राजीनामा नदिने र पार्टीका सांसदहरुको असन्तोषलाई रोगको संज्ञा दिएका छन् ।



लामाले चुनावबाट निर्वाचित भएको भन्दै आफ्नो पदमा कायम रहने बताएका छन् । गठबन्धनले अर्को निर्णय नगर्दासम्म मुख्यमन्त्रीबाट राजीनामा नदिने र अविश्वासको प्रस्तावको फेस गर्ने बताएका छन् । 'म मुख्यमन्त्री छु । राजीनामा दिएका मन्त्रीहरुको ठाउँमा अर्को मन्त्रीहरु नियुक्ति गर्छु' उनले भने, 'संयुक्त सरकारको नेतृत्व गर्नका लागि संसदीय दलको नेता नै हुनुपर्छ भन्ने छैन । त्यसैले मैले गठबन्धनले अर्को निर्णय नगर्दासम्म मुख्यमन्त्रीबाट राजीनामा दिने कुरा पनि छैन । दलको नेताबाट त झनै दिने कुरा नै भएन ।'

बागमती प्रदेश कांग्रेस संसदीय दलका नेता समेत रहेका मुख्यमन्त्री लामालाई हटाउन कांग्रेसकै २१ जना सांसदले हस्ताक्षर गरेका छन् । मुख्यमन्त्री लामाले गठबन्धन सरकार भएकाले सहमति अनुसार अझै लगभग एकवर्ष काम गर्न पाउनुपर्ने बताउँदै पार्टी भित्रका केही व्यक्तिले चाहेर मात्रै पुरा नहुने दाबी गरे । 'यो कांग्रेसभित्रका केही साथीहरुले मात्रै चाहेर हुने कुरा होइन । हामी अहिले गठबन्धन सरकारमा छौँ । बागमती प्रदेशको प्रभाव अरु प्रदेशमा पनि पर्छ । यो सबै बिचार पुऱ्याउन आवश्यक छ,' उनले भने ।

बजेटको विषयलाई मुख्य मुद्दा बनाएर केही सांसदहरु आफूलाई असफल पार्न लागि परेको पनि उनले दाबी गरे । 'बजेटको विषयलाई लिएर उहाँहरुले मलाई असफल भयो भन्नु भएको छ । उहाँहरुको आरोप सही छैन,' मुख्यमन्त्री लामाले भने, 'प्रदेश सरकारले काम गरिहरेको अवस्थामा एक्कासि नेतृत्व भएन भनेर निहुँ खोज्ने काम राम्रो होइन । हामीले एक वर्षमा गरेको कामको परिणाम देखिने बेलामा उहाँहरुले नेतृत्व परिवर्तन गर्न खोज्नु उचित होइन । म त्यसको सामना गर्छु ।'

मुख्यमन्त्री लामाले विगतमा एक/एक वर्ष मुख्यमन्त्री हुने सहमति नभएको दाबी गरे । 'सहमति भएको भए संसदीय दलको निर्वाचनमा किन चुनाव हुन्थ्यो । सहमतिमै भइन्थ्यो होला नि' उनले भने, 'चुनावबाट निर्वाचित भएर म दलको नेता भएको हो । त्यसैले भाग्ने कुरा छैन । म दलको नेतामा अविश्वास प्रस्ताव आए फेस गर्छु । म भागेर हिँड्ने व्यक्ति होइन । दलको नेता हटेपछि गठबन्धनका बीच अर्को निर्णय नभएसम्म म मुख्यमन्त्री कायमै रहन्छु । दलको नेता र मुख्यमन्त्रीबाट राजीनामा दिने कुरै छैन ।'

पार्टीभित्र बढ्दै गएको असन्तुष्टिको प्रभाव बागमतीमा देखिएको उनको भनाई छ । पार्टीका नेताहरुले यसलाई समर्थन गर्ने काम गरे यो रोग अरु प्रदेशमा पनि जान्छ र केन्द्रमा पनि सुरुहुने उनले बताए ।

### मुख्यमन्त्री लामाले नैतिकता देखाएर राजीनामा दिनुपर्छः महर्जन

बागमती प्रदेशका निवर्तमान युवा तथा खेलकुदमन्त्री मीनकृष्ण महर्जनले नैतिकताको आधारमा मुख्यमन्त्री बहादुरसिंह लामाले राजीनामा दिनुपर्ने धारणा राखेका छन् ।

महर्जनले शुक्रबार दिउँसो मन्त्रीपदबाट राजीनामा दिएका थिए । उनले सामाजिक सञ्जाल मार्फत सार्वजनिकरुपमा मुख्यमन्त्री लामाको राजीनामाको माग गरेका हुन् । उनले २०५६ सालमा तत्कालीन प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईले पार्टीभित्रैको असहमतिको कारण देखाउँदै राजीनामा दिएको उदाहरण प्रस्तुत गरेका छन् । '२०५६ सालको निर्वाचनपछि किसुनजी प्रधानमन्त्री बन्नुभयो । तर, ११ महिनामै पार्टीकै सांसदले अविश्वास प्रस्ताव ल्याएपछि उहाँले नैतिकता देखाउँदै राजीनामा दिनुभयो,' महर्जनले सामाजिक सञ्जालमा लेखेका छन्, 'अब मुख्यमन्त्री लामाले पनि त्यस्तै मार्ग अवलम्बन गर्नुपर्छ ।'

महर्जनसहित २१ जना कांग्रेस सांसदले शुक्रबार मुख्यमन्त्री लामालाई दलको नेताबाट हटाउन माग गर्दै अविश्वास प्रस्ताव दर्ता गराएका थिए । त्यसपछि महर्जनले मन्त्रीपदबाट राजीनामा दिँदै आफ्नो स्पष्ट असन्तुष्टि व्यक्त गरेका हुन् । मुख्यमन्त्री लामाविरुद्ध लामो समयदेखि असन्तुष्टि जनाउँदै आएका महर्जनले संसदीय दलको नेतृत्व कमजोर भएको आरोप लगाउँदै आएका छन् । आर्थिक मामिला तथा योजनामन्त्री कुन्दनराज काफ्लेले ल्याएको बजेटमाथि पार्टीभित्रै असन्तुष्टि छ भने अन्य दलहरुले पनि विरोध गरेका छन् ।

असार १६ गतेदेखि २३ गतेसम्म चलेको कांग्रेस केन्द्रीय कार्यसमिति बैठकमा पनि बागमतीको बजेटबारे कुरा उठेको थियो । अराजक शैलीमा बजेट ल्याइएको भन्दै केन्द्रीय सदस्यले आलोचना गरेका थिए । २०७९ पुस १३ गते भएको कांग्रेस संसदीय दलको निर्वाचनमा मुख्यमन्त्री लामासँग बागमती प्रदेश सभापति बानियाँ ५ मतले पराजित भएका थिए । लामाले २१ मत ल्याउँदा बानियाँले १६ मत मात्रै पाएका थिए ।

# साउनभित्रै ड्राइभिङ लाइसेन्स छापेर वितरण गर्छौं: मन्त्री महर्जन



साझाकुरा संवाददाता

हेटौंडा, १० साउन/ बागमती प्रदेशका श्रम, रोजगार तथा यातायातमन्त्री प्रेमभक्त महर्जनले साउन महिनाभित्रै ड्राइभिङ लाइसेन्स छापेर सवारी चालकलाई वितरण गरिने बताएका छन् ।

मन्त्री महर्जनले हालै सुरु गरिएको ई-ड्राइभिङ लाइसेन्स (ईडीएल) प्रणालीले सकारात्मक प्रभाव पार्न थालेको बताए । गत वैशाख १९ गते प्रधानमन्त्री केपी शर्मा ओलीद्वारा वागमती ईडीएल प्रणाली तथा अनलाइन बिलबुक सेवा 'नागरिक एप'मार्फत सार्वजनिक गरिएको थियो । यो सेवा सुरु भएको तीन महिनामा धेरै सेवाग्राहीले यसबाट लाभ लिइरहेको मन्त्री महर्जनको भनाइ छ । उनले नागरिकले आफ्नो सवारी साधनसम्बन्धी विवरण अनलाइनमार्फत् भरेर यातायात कार्यालयमा भेरिफिकेसन गराउन सक्ने र त्यसपछि पटकपटक कार्यालय धाउनु नपर्ने व्यवस्था गरिएको जानकारी दिए ।

'साउनभित्रै हामीले लाइसेन्स प्रिन्ट गरेर वितरण सुरु गर्छौं, यसबाट सेवाग्राहीलाई फाइदा पुग्नेछ' मन्त्री महर्जनले बताए, 'जनताले पटकपटक यातायात कार्यालय जानुपर्ने बाध्यता हटाउने र विचौलिया संस्कृतिको अन्त्य गर्ने हाम्रो मुख्य उद्देश्य हो ।' वागमती प्रदेशबाट सुरु भएको यो डिजिटल सेवा अब क्रमशः अन्य प्रदेशमा पनि विस्तार हुने मन्त्री महर्जनले बताए । उनका अनुसार सातैवटा प्रदेशले आगामी वैशाखदेखि प्रदेशबाट लाइसेन्स छाप्ने तयारी गरिरहेका छन् । जसको सुरुवात वागमती प्रदेशले गर्न लागेको हो ।






साझाकुरा

## हाम्रो कुरा

# परिवर्तनको संघारमा मुख्यमन्त्री

बागमती प्रदेशका मुख्यमन्त्री बहादुरसिंह लामालाई कांग्रेस संसदीय दलको नेताबाट हटाउन पार्टीका सांसदहरुले हस्ताक्षर बुझाएका छन् । कांग्रेसका २१ सांसदको हस्ताक्षरसहित शुक्रबार संसदीय दलमा लामाविरुद्ध अविश्वास प्रस्ताव दर्ता गरिएको हो । अविश्वासको प्रस्ताव दर्ता भएसँगै मुख्यमन्त्री लामाको पद संकटमा परेको छ । २१ सांसदको हस्ताक्षरसहित संसदीय दलका सचिव कृष्णकुमार तामाङलाई हस्ताक्षर बुझाउँदै अविश्वास प्रस्ताव दर्ता गरिएको हो । लामालाई हटाउन १९ सांसद चाहिनेमा २१ जनाको हस्ताक्षर जुटेको छ । २०७९ पुस १३ गते भएको कांग्रेस संसदीय दलको निर्वाचनमा मुख्यमन्त्री लामासँग बागमती प्रदेश सभापति बानियाँ ५ मतले पराजित भएका थिए । लामाले २१ मत ल्याउँदा बानियाँले १६ मत मात्रै पाएका थिए । अविश्वासको प्रस्तावमा हस्ताक्षर गरेका २१ सांसदले मुख्यमन्त्री लामा नेतृत्वको सरकारले जनआक्रोश बढाएको हुँदा अविश्वासको प्रस्ताव दर्ता गरेको जिकिर गरेका छन् ।

प्रस्तावमा पार्टीको छवि दिनप्रतिदिन कमजोर बनाउन मुख्यमन्त्रीको भूमिकाले काम गरेको आरोप लगाइएको छ । सरकारका कामकारबाहीका कारणले प्रदेशप्रति नै जनआक्रोश बढ्दो गतिमा रहेको अविश्वास प्रस्तावमा लेखिएको छ । कांग्रेसको छवि सुधार्नका लागि संसदीय दलको नेता लामा रहेर सम्भव नहुने हुँदा अविश्वासको प्रस्ताव दर्ता गरिएको सांसदहरुले उल्लेख गरेका छन् । यससँगै कुनै नाटकीय मोड नआए मुख्यमन्त्री तामाङ संसदीय दलमा रहने छैनन् । संसदीय दलको नेता परिवर्तन भएमा उनी मुख्यमन्त्री पनि रहने छैनन् । कांग्रेसभित्रको आन्तरिक कलहका कारण शुक्रबार नै चारजना मन्त्रीले राजीनामा दिएका थिए । राजीनामा दिनेमा संस्कृति तथा पर्यटनमन्त्री विमल ठकुरी, सहकारी तथा गरिबी निवारण मन्त्री मदुकुमार श्रेष्ठ, युवा तथा खेलकुद मन्त्री मीनकृष्ण महर्जन र आन्तरिक मामिला तथा कानुन मन्त्री सुरजचन्द्र लामिछाने छन् । बागमती प्रदेश सभापति इन्द्रबहादुर बानियाँको अगुवाईमा भएको अविश्वासको प्रस्तावमा हस्ताक्षर भएको हो । लामाविरुद्ध अविश्वासको प्रस्तावमा हस्ताक्षर गर्नेहरुमा सभापति शेरबहादुर देउवा, महामन्त्री गगन थापा र कांग्रेस नेता प्रकाशमान सिंह पक्षधरका सांसदहरु छन् । मुख्यमन्त्री लामालाई पदबाट राजीनामा दिन सभापति शेरबहादुर देउवाले केही समयदेखि दवाव दिएको र मुख्यमन्त्री लामाले अस्वीकार गर्दै आएका कुरा पनि बाहिर आएको छ । मुख्यमन्त्री लामाले आधाआधा कार्यकाल मुख्यमन्त्री बन्ने भन्ने पूर्वसहमति तोडेर सम्पर्कविहीन भएको आरोप लागेको छ । सरकार बनेको एक वर्षपछि पद छाड्ने पूर्वसहमति मुख्यमन्त्री लामाले अस्वीकार गरेको आरोप छ ।

आर्थिक मामिला तथा योजना मन्त्री काफ्लेले ल्याएको बजेटमाथि पार्टीभित्रै असन्तुष्टि छ भने अन्य दलहरुले पनि विरोध गरिरहेका थिए । कांग्रेस केन्द्रीय कार्यसमिति बैठकमा पनि बागमतीको बजेटबारे ब्यापक कुरा उठेको थियो । अराजक शैलीमा बजेट ल्याइएको भन्दै केन्द्रीय सदस्यहरुले आलोचना गरेका थिए । लामाले उनी संसदीय दलको बैठक यस अवधिमा तीनपटक मात्रै आव्हान गरेको अविश्वास प्रस्तावमा लेखिएको छ । सरकारले प्रदेशसभामा नयाँ विधेयक प्रस्तुत गर्न नसकेका कारणले सदनले विजनेस नपाएको उल्लेख गरिएको छ । कांग्रेसको मुख्यमन्त्री र अर्थमन्त्री हुँदा यस आर्थिक वर्षको बजेट विवादमुक्त नभएको अविश्वास प्रस्तावमा लेखिएको छ । सबै घटनाक्रमले मुख्यमन्त्रीको जिम्मेवारी, प्राथमिकता र जवाफदेहीतामा प्रश्न उठेको छ । नेपाली कांग्रेस बागमती प्रदेश सभापति बानियाँले प्रदेश संसदीय दलका नेता लामाले प्रभावकारी ढंगले काम गर्न नसकेको आरोप लगाएका छन् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ साउन १२ गते सोमबार २८ जुलाई २०२५ । चतुर्थी, साउन शुक्लपक्ष । गुँल्लाथ्व ११४५ ने.सं. । सूर्योदय ५:२५, सूर्यास्त ६:५४ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : मन प्रसन्न रहनेछ | तुला | : परिवारमा सुखद माहौल रहनेछ |
| वृष | : विरोधी परास्त हुनेछन् | वृश्चिक | : स्थिति अनुकूल बन्नेछ |
| मिथुन | : व्यापारमा लाभ हुनसक्नेछ | धनु | : प्रेम सम्बन्ध प्रगाढ हुनेछ |
| कर्कट | : काममा सफलता मिल्नेछ | मकर | : अहंकारको भावले काम विगार्नेछ |
| सिंह | : अधुरा कामहरु पूरा हुनेछ | कुम्भ | : धार्मिक कार्यको अवसर मिल्नेछ |
| कन्या | : स्वास्थ्यको समस्या आउनेछ | मीन | : व्यापार राम्रो चल्नेछ |

# यसकारण सुक्खाको मारमा छ मधेश



✍ रामबहादुर केसी

'खडेरीले सुक्न थाल्यो धानको बीउ', 'पानी नपरेपछि मधेश प्रदेशले गऱ्यो सुक्खाग्रस्त क्षेत्र घोषणा', २६ असारतिर नेपाली सञ्चार माध्यमका प्रमुख समाचारका शीर्षक यस्तै थिए । साउन पहिलो साता मधेश समाचारको मुख्य प्राथमिकतामा पऱ्यो । अधिकांश सञ्चारमाध्यमका शीर्षक थिए, 'मधेश सुक्खा: इतिहासकै डर लाग्दो संकट' । साउन ८ सम्म आइपुग्दा 'मधेश विपद् संकटग्रस्त क्षेत्र घोषित' नै भयो । असार को तेस्रो सातायता यस्ता समाचार पढेपछि कृषिको विद्यार्थीको नाताले घोत्लिन बाध्य भएँ ।

साउन, झमझम झरी पर्ने महिना । 'साउनमा आकाशमा तारा देखिए एक लाख मुरी अन्न/धान घट्छ' भन्थे बुढापाका । कारण असारदेखि असोजसम्म नेपालमा मनसुनको सिजन हो । बंगालको खाडीबाट निस्केको जलवाष्पयुक्त वायु चुरे, महाभारत र हिमालय पर्वतशृंखलामा ठोक्किएपछि नेपालमा मनसुनी वर्षा हुन्छ, जसले नेपाललाई धनधान्य बनाउँछह नेपाली कृषकको मुहारमा कान्ति ल्याउँछ र देशकै अर्थतन्त्रमा सुधार हुन्छ । आंशिक प्रभाव अरबको खाडीबाट आउने र स्थानीय वायुको पनि निश्चय रहन्छ । बर्खामा खडेरी पर्दा रोपाइँ गर्न ढिलो हुने, रोपेको खेत धाँजा फाट्ने त पहिले पनि हुन्थ्यो तर अहिले त स्यालो ट्युबेल (चापाकल) सुकेर खानेपानीकै हाहाकार हुन पुग्यो । केही नगर पालिकाले दमकलबाट समेत खानेपानी वितरण गर्नुपऱ्यो । हुँदा-हुँदा एनजीओले समेत पानीका जार बाँडेको खबर पढ्नुपऱ्यो ।

निश्चय पनि यो अवस्था चिन्ताजनक छ । के अब अन्नको भण्डारमा धान खेती नहुने नै हो त? यो आलेख तयार पारिरहँदा र मौसम विभागको पूर्वानुमान सुन्दा आश मरेको त छैन तर भरपर्दो आधार पनि देखिँदैन । कारण विभिन्न छन् । तीमध्ये एउटा हो, विश्वव्यापी जलवायु परिवर्तन जसको नकारात्मक असरबाट नेपाल पनि अछुतो रहनसकेको छैन र प्रभावहरू देखिइसकेका पनि छन् ।

के यो खडेरीको कारण जलवायु परिवर्तन नै हो त? माथि नै भनिसकियो एउटा कारण हुन सक्छ तर यो भनिरहँदा अन्य तथ्यहरूलाई गौण ठान्नु हाम्रो मूर्खता हुन जानेछ । मधेशको पानी प्रणालीको कुरा गर्दा चुरे बिर्सन नहुने महत्वपूर्ण क्षेत्र हो । हामीले चुरेको अति नै दोहन गऱ्यौं, विकासे योजना जस्तै पूर्व-पश्चिम बाटो, हरियो वन करिब-करिब मासिइसक्यो, अवैज्ञानिक र कानून विपरीत ढुंगा-गिटीको उत्खननले गर्दा जमिनमुनिको पानीको रिचार्ज हुन् सकेन ।

स्यालो ट्युबेल, डिप बोरिंगबाट डिस्चार्ज निरन्तर भइरहेको छ, यही हो अहिलेको मधेश प्रदेशका चापाकल सुक्ने प्रक्रिया र पिउने पानीको हाहाकारको एउटा कारण । अर्को, जंगल मासिइसकेको हुनाले बर्खाको पानी आउँदा जमिनले सोस्न सक्दैन । जमिनमुनि भरण हुनुपर्ने पानी बाढीको रूपमा खोलामा बगेर जान्छ । तटीय क्षेत्रमा वितण्डा मच्चाउँछ । नदीहरू फराकिलो हुँदै जान्छन् । जसका कारण मधेश मरुभूमिमा परिणत हुँदै गएको छ ।

बढ्दो शहरीकरण, जनसंख्याको चाप पनि सहायक कारणका रूपमा लिन सकिन्छ । धान रोपाइँ हुनसकेको भए कम्तीमा स्यालो ट्युबेल (चापाकल) रिचार्ज भएर पिउनेपानीको संकट हुने थिएन । त्यसका लागि चुरे क्षेत्रमा व्यापक वन संरक्षण गर्ने, सतह सिंचाइ (कुलो नहर) को सुविधा बढाउने, ठूला-ठूला पोखरीहरू निर्माण गरेर बर्खाको पानी सुरक्षित गर्ने, र डिप बोरिंगको प्रचुरता नै समाधानको बाटो हो ।

**वैकल्पिक बाली**

माथिको तथ्यांक विश्लेषण गर्दै अहिलेको जल्दोबल्दो समस्या र हाम्रो प्रमुख बाली धान खेतीको कुरा गरौं । नेपालमा बर्खे धान करिब १३ लाख ८३ हजार हेक्टर जमिनमा लगाइन्छ । कृषि विभागको साउन ४ गतेसम्मको धान रोपाइँको प्रगति विवरण हेर्दा ७२.१४ प्रतिशत क्षेत्रफलमा धान रोपिइसकेको अवस्था छ तर गत वर्षको सोही अवधिमा करिब ८४.६ प्रतिशत धान रोपाइँ भइसकेको थियो ।

समग्र देशको स्थिति र आज साउनको दोस्रो हप्ता उल्लिखित तथ्यांक उत्साहजनक नभए पनि आत्तिइहाल्नुपर्ने अवस्था हैन । अब कुरा रह्यो मधेश प्रदेशको, कृषि विभागको सोही अवधिको तथ्यांक भन्छ- मधेशमा ३,७२,६४५ हेक्टर जमिनमध्ये १,७४,५०८ क्षेत्रफल अर्थात ४६.८४ प्रतिशत मा धान रोपाइँ भएको छ । गत वर्ष यही अवधिमा मधेशमा करिब ८०.६ प्रतिशत धान रोपाइँ भइसकेको थियो । तराई/मधेशमा रोपाइँको सिजन त अझै छ, लगाइएला पनि तर बीउ बुढो भइसक्यो, कतैकतै बीउ नै सुकिसक्यो, बुढो बीउ लगाउँदा गाँज कम आउँछ र उत्पादन कमी हुन्छ । यही अवस्थाका लागि वैकल्पिक प्रविधि र वैकल्पिक बालीमा जानुपर्ने अवस्था सिर्जना भएको छ ।

**साउन/भदौमा मधेशमा कुन बाली लगाउन सकिन्छ ?**

- **धान (छरुवा विधि):** जसलाई प्राविधिक भाषामा डाइरेक्ट सिडेड राइस (डीएसआर) प्रविधि भनिन्छ । यसका लागि घैया १, घैया २, घैया ३ र सुक्खा सहने धानहरूह सुखाधान १, सुखाधान २, सुखाधान ३, सुखाधान ४, सुखाधान ५, सुखाधान ६, बहुगुणी धान १, बहुगुणी धान २ र राधा ४ जस्ता जातहरू लगाउन सकिन्छ । यो प्रविधिमा झारले विशेष दु:ख दिने हुँदा सो व्यवस्थापनबारे जानकारी हुनु/लिनुपर्दछ ।
- **कोदो बालीहरू:** कोदो, धान कोदो, बाजरा, सामा, जुनेलो, कागुनो आदि । कोदो बालीहरूको खेती हैसियत बिग्रेको जग्गा वा भनौं कम मलिलो जग्गा, कम पानीमा र प्रतिकूल वातावरणमा समेत गर्न सकिन्छ । कोदो बालीहरू पौष्टिकताले भरिपूर्ण भएकोले मानव स्वास्थ्य तथा पशु आहाराका निम्ति पनि अत्यन्तै उपयोगी छन् । नेपाल सरकारले प्रत्येक वर्ष साउन १६ गतेलाई राष्ट्रिय कोदो दिवसको रूपमा मनाउने निर्णय गरेको सन्दर्भमा सान्दर्भिक पनि देखिन्छ ।
- **मकै:** हिउँदे खेतीका रूपमा तराई/मधेश/भित्री मधेशमा भदौ-असोजमा लगाएर मकैको खेती गर्न सकिन्छ । हाइब्रिड मकै खेती गर्ने कृषकहरूका लागि रामपुर हाइब्रिड ८, रामपुर हाइब्रिड १०, रामपुर हाइब्रिड १२, रामपुर हाइब्रिड १६ तथा अन्य नयाँ जातहरू मनकामना ७, रामपुर ४ सिफारिस रिएको छ ।
- **तिल:** यस सिजनका लागि तराई/मधेश/भित्री मधेशमा खेती गर्न सकिने अर्को बाली तिल हो । तिलको जात नवलपुर खैरो तिल १ सिरहादेखि नेपालगञ्जसम्मको तराई/मधेशका लागि र नवलपुर झुसे तिल तराई/मधेश/भित्री मधेशमा खेती गर्न सिफारिस गरिएको छ । यी बाहेक आ-आफ्नो क्षेत्रमा पाइने स्थानीय/रैथाने जातहरू पनि लगाउन सकिन्छ ।
- **मास:** यो बाली पनि यस सिजनमा तराई/मधेश/भित्री मधेशमा सफलतापूर्वक खेती गर्न सकिन्छ । रामपुर मास र खजुरा मास १ खेतीका लागि सिफारिस गरिएका उन्नत जातहरू हुन् । यी बाहेक आ-आफ्नो क्षेत्रमा पाइने स्थानीय/रैथाने जातहरू पनि लगाउन सकिन्छ ।
- **भटमास:** यो बाली पनि यस सिजनमा तराई/मधेश/भित्री मधेशमा सफलतापूर्वक खेती गर्न सकिन्छ । पूजा र खजुरा भटमास १ खेतीका लागि सिफारिस गरिएका उन्नत जातहरू हुन् । यीबाहेक आ-आफ्नो क्षेत्रमा पाइने स्थानीय/रैथाने जातहरू पनि लगाउन सकिन्छ ।
- **रहर:** छोटो अवधिमा तयार हुने स्थानीय/रैथाने जातहरू लगाउन सकिन्छ ।
- **तरकारी बालीहरू:** अब तराईमा अगौटे काउली लगाउने बेला भइसकेको छ, सिल्भर कप ६० भन्ने जात लगाउन सकिन्छ । ब्रोकाउलीका ग्रीन स्प्राउटिंग, सेंटाउरो जातहरू लगाउन सकिन्छ । मुलाका जातहरू ४० दिने, मिनो अर्ली, अलसिजन, चौमासे घ्यु सिमी, मालेपाटन १ बोडी, चम्सुर लगाउन सकिन्छ । यसैगरी गोलभेडाको बेमौसमी खेतीका लागि आफ्नो स्थानमा चलेका जातहरूको व्यवस्था गरी लगाउन सकिन्छ । तराई/मधेश/भित्री मधेशमा बेमौसम (साउन/भदौ)मा खेती गर्न सकिने अर्को बाली प्याज हो । सेट उपलब्ध भए सेट बाट, नभए बीउबाट पनि खेती गर्न सकिन्छ । हाल मधेश प्रदेशमा विभिन्न प्याजका जातहरू यस सिजनमा खेती गर्ने गरिएको पनि छ । यो प्रविधि गानो तथा हरियो साग दुवैका लागि उपयोगी हुन सक्छ ।
- **घाँसे तथा चाराबालीहरू:** जहाँ पशुपालनले व्यावसायिक रूप लिएको छ साथै साइलेज कम्पनीहरू सञ्चालनमा छन्, तिनीसँग समन्वय गरी घाँस उत्पादन गर्ने पनि एउटा विकल्प हुन सक्छ ।

यहाँ केही मात्र वैकल्पिक बाली र जातहरूका बारेमा उल्लेख गरिएको छ । कृषकको आफ्नो अनुभव आ-आफ्ना पालिका, कृषि ज्ञान केन्द्र, प्रधानमन्त्री कृषि आधुनिकीकरण परि योजनाका पकेट/जोन/सुपरजोन इकाइहरू, कृषि अनुसन्धान केन्द्रहरू, कृषिमा संलग्न गैरसरकारी संघ संस्थाहरूसँग समन्वय गरी स्थानविशेष अनुसारका कार्यक्रम बनाई सञ्चालन गर्नु नितान्त आवश्यक छ । स्मरणरहोस् बल्ल साउनको दोस्रो साता शुरू भएको छ र नेपालमा मनसुनको सिजन भनेको असोज महिनासम्म हो । त्यसकारण वर्षालाई नजरअन्दाज नगरी जुन खेती गरे पनि पानीको उचित निकासको प्रबन्ध गर्न नितान्त जरूरी हुन्छ ।

**जलवायु अनुकूल कृषि प्रणाली**

जलवायु अनुकूल कृषि प्रणाली भन्नाले हालको बदलिंदो वातावरणमा पनि सुहाउँदा/अनुकूल कृषि कर्म/अभ्यासहरू पर्दछन् । अहिले तापक्रम दिनानुदिन बढिरहेको छ, वर्षाको परिपाटी बदलिइरहेको छ, पानी पर्ने दिनहरू घटिरहेका छन् । साउने झरी, भदौरे झरी, माघे झरी हराइसके । शीतलहरको अवधि लम्बिएको छ । खडेरी लामो समयसम्म रहने, हिमाली भेगमा खेती गर्ने क्षेत्र उत्तरतिर सरिरहेको छ, हिमाल कालापत्थरमा परिणत हुँदै गइरहेका छन् । हिमताल फुट्ने जोखिम बढ्दो छ । साउनमा जेठ जस्तो मौसम छ । जसको फलस्वरूप बालीनालीमा नयाँ-नयाँ रोग/कीराको प्रकोप देखिइरहेको छ ।

पशुपन्छीमा नयाँ-नयाँ समस्याहरू देखा परिरहेका छन् । पानीका मुहानहरू सुक्ने, कमी भइरहेको र पानी समेत प्रदूषित हुँदा जलचर प्राणीमा समेत नकारात्मक असर परिरहेको छ । जैविक विविधता मासिइरहेको अवस्था छ । हो, यी र यस्ता यावत् प्राकृतिक तथा मानव सिर्जित प्रतिकूल परिस्थितिसँग जुधेर उत्पादन दिन सक्ने बाली, वस्तु, जात, नश्ल, प्रविधिको अनुसन्धान, विकास र प्रविधि विस्तार नै आजको आवश्यकता हो । यो सम्भव छ- जलवायु अनुकूल कृषि प्रणाली अपनाएर ।

यसका लागि प्रशस्त मात्रामा अनुसन्धान र विकासका साथ नवप्रवर्धनका कार्यहरू गरिनु आवश्यक छ । यसका लागि यस क्षेत्रमा बढी लगानी आवश्यक पर्दछ र अहिलेको विकासको प्राथमिकतामा (केवल भौतिक पूर्वाधार, सडक, भ्युटावर, स्वागतद्वार, मठमन्दिर अवलोकन भ्रमण) परिवर्तनको आवश्यक देखिन्छ । घोषणा मात्रले पुग्दैन तीनै तहका सरकारले (संघ/प्रदेश/ स्थानीय) स्थानीय आवश्यकताका आधारमा ठोस कार्यक्रम बनाई सञ्चालन गरिनुपर्दछ ।

*(साभार: अनलाइनखबर)*

# इजरायल-इरान युद्धविराम र स्थायी शान्ति

✍ श्यामप्रसाद मैनाली

युद्धको विभीषिकाबाट विश्व आक्रान्त छ । द्वन्द्व र युद्धबाट युद्धरत देशहरू मात्र प्रभावित भएका छैनन्, अन्य देशमा पनि बहुआयामिक नकारात्मक प्रभाव परिराखेको छ । इजरायलले अकस्मात् इरानमा आक्रमण गऱ्यो । धेरै धनजनको क्षति गरायो । 'अपरेसन राइजिङ लायन' नाम दिइएको यो योजनाबद्ध आक्रमणबाट इरानी पक्षलाई ठूलो क्षति पुगेको छ । सशस्त्र सेनाका प्रमुख, इस्लामिक रिभोलुसनरी गार्डकोरका सेनापति, खतम अल अन्बियाका केन्द्रीय कमान्ड प्रमुख, एरो स्पेस फोर्स प्रमुख, हवाई रक्षा प्रमुख, खुपिया विभागका प्रमुखद्वय, १२ जनाभन्दा बढी महत्वपूर्ण भूमिकामा रहेका वैज्ञानिकहरू इजरायलको आक्रमणमा मारिएका छन् ।

यसलाई इरानले आफ्नो ठूलो क्षति मानेको छ । १२ दिनसम्म यी दुई देशहरूका बीच युद्ध भयो । संयुक्त राज्य अमेरिकाले बी २ नामक बम वर्षक विमान प्रयोग गरी इरानमाथि ठूलो क्षति पुऱ्याएको छ । राष्ट्रपति ट्रम्पकै पहलमा यी दुई देशहरु युद्धविराम गर्न तयार भए । यतिखेर युद्धविराम भइराखेको छ । युद्धविरामले दुई देशहरूका बीच स्थायी शान्ति कायम गर्न सक्ला वा यसलाई शक्ति सञ्चयका रूपमा लिने हुन् र अझ ठूलो युद्ध प्रारम्भ हुने हो ? भविष्यको गर्भमै छ । इरान र इजराइलको विरुद्ध युद्धकै अवस्था किन आइपरेको होला ? यो युद्ध पुन: प्रारम्भ हुने त होइन ? यो युद्धले विश्व शान्तिमै खलल पुऱ्याउने सम्भावना कत्तिको छ ? यी सबै विषयहरुमा विश्लेषण गर्ने अभिप्रायले यो आलेख तयार पारिएको छ ।

**युद्ध छेड्नुका कारणहरू :**

यसको मुख्य कारणमा इरानले एटोमिक बम बनाउने कार्य तीव्र गतिमा अघि बढाउनु हो । यतिखेर इरानले युरेनियम २३५ को प्रवर्द्धनलाई अघि बढाइराखेको छ । यसमा आईएईएको गम्भीर ध्यानाकर्षण भइराखेको छ । उसले हालका दिनसम्म इरानलाई निषेधात्मक कदम चालेको छैन । तर अन्य महत्वपूर्ण निर्णय भने लिएको छ । इरानले अन्तर्राष्ट्रिय फोरममा प्रतिबद्धता व्यक्त गरेको दायित्वको उल्लंघन गरेको घोषणा आईएईएको बोर्ड अफ गभर्नर्सबाट निर्णय गराई जुन १२, २०२५ मा इरानलाई जानकारी गराएको छ । आईएईए संघ इरानले लामो समयदेखि असमझदारी गरिआएको छ । यस संस्थाले इरानलाई आणविक क्रियाकलापहरु गरिराखेको साइटहरूको सम्भावित परमाणु गतिविधिको विस्तृत विवरण पठाउन भनेको छ ।

पदाधिकारीहरूलाई इरानको परमाणु साइट निरीक्षण गर्न र नमुना संग्रह गर्न अनुमति दिन आग्रह गरेको छ । प्राविधिकरुपमा यी क्षेत्रहरूमा के-कस्ता क्रियाकलापहरू के प्रयोजनका लागि हुँदै आएका हुन् ? यसको बारेमा व्याख्या गरिदिन अनुरोध गरेको छ । तर इरानले इरानी संसद्बाट जुन २५ र २६ मा २०२५ मा आईएईएको निर्देशनको अवज्ञा गर्ने निर्णय गरेको छ । सबै प्रकारका निरीक्षणहरू क्यामेराबाट गरिने निगरानीहरु र रिपोर्टिङसम्बन्धी प्रक्रियाहरु जम्मैलाई निलम्बन गरिदिएको छ । इरानको सर्वोच्च सुरक्षा परिषद्को स्वीकृतिको अभावमा निरीक्षण लगायतका कुनै पनि प्रकारको पहुँच नदिने गरी जुलाई २, २०२५ मा निर्णय गरेको छ ।

सर्वोच्च सुरक्षा परिषद्ले यो अन्तर्राष्ट्रिय संस्थालाई यी कार्यहरूमा प्रवेश दिएको छैन । यो अन्तर्राष्ट्रिय संस्थाले आर्थिक, सैन्यलगायतका प्रतिबन्ध इरानमाथि लगाएको छैन । विभिन्न माध्यमबाट दबाब दिने कार्य गरिरहेको छ । यसबाट विश्व जनमत इरानका विरुद्ध बढिराखेको छ । यो संस्थाले आफ्ना अनुरोधहरूलाई इरानले पटक-पटक अवज्ञा गरेको विषयलाई नोटिसमा राखेको छ । यसबाट गम्भीर अवस्था सिर्जना हुने देख्ने अवस्थामा आफ्नो प्रतिवेदनसहित कारबाहीका लागि संयुक्त राष्ट्रसंघको सुरक्षा परिषद्मा पेस गर्न सक्छ ।

यसबाट सबै प्रकारका प्रतिबन्धहरू इरानका विरुद्ध लाग्न सक्छन् । संक्षेपमा आईएईएले हालका दिनसम्म कुनै पनि प्रकारका कडा प्रतिबन्ध लगाएको छैन । इरानले निर्वाह गर्नुपर्ने दायित्वको गम्भीरताका साथ उल्लंघन गरेको विषयलाई कडा चेतावनी दिएको छ । यी कारबाहीहरु स्वत: प्रतिबन्धमा परिणत हुने प्रकारका हुँदैनन् । इरानले युरेनियम २३५ को संवर्द्धनलाई तदारुकताका साथ अघि बढायो । युरेनियमबाट परमाणु बम तयार हुन्छ । ९० प्रतिशतसम्म गुणस्तरयुक्त भएको युरेनियम यो हतियार बनाउनको लागि पर्याप्त हुन्छ । हालसम्म इरानले ६० प्रतिशत शुद्ध युरेनियम तयार पारिसकेको भनिदै छ । इरानले यो युरेनियमको भण्डारण ९० मिटर गहिराइमा बंकरभित्र सुरक्षित राखेको छ । अमेरिकाको चिन्ता युरेनियमबाट परमाणु बम तयार पार्छ र विश्व असुरक्षित बन्छ भन्ने हो ।

विश्वशान्तिका लागि प्रतिबन्ध लगाउनुपर्दछ । यसका अतिरिक्त इजरायलको भूगोल नै समाप्त पारिदिनका लागि यो हतियार बनाउँदै गएको उद्घोष इरानले गरेको छ । इरानलाई कमजोर नबनाउँदा इजरायलको अस्तित्व संकटमा पर्ने भएकाले परमाणु बम तयार पारिरहँदा इजरायलले हेरेर बस्न मिल्दैन । त्यसैले अमेरिका र इजरायल दुवै मिलेर तीनवटा उद्देश्यसहित इजरायललाई इरानमाथि आक्रमणमा अघि सारेको हो । पहिलो हो, उसको युरेनियम भण्डार ध्वस्त बनाउने, यो कार्य बिटु बमवर्षक विमान प्रयोग गरेर सम्पन्न भइसकेको दाबी अमेरिकाले गरेको छ । दोस्रो हो, लामो समयदेखि खुमेनीको तानाशाहीतन्त्रलाई नष्ट गर्ने, उनले हरेक दिन कोही न कोही मानिसलाई हालका दिनमा पनि फाँसीमा लड्काइराखेका छन् । संविधानभन्दा माथि छन् ।

उनलाई लागेको जे-जस्तो निर्णय पनि लिन्छन् । तसर्थ उनलाई हत्या गर्नु दोस्रो उद्देश्य हो । तेस्रो उद्देश्य भनेको पहिला रेजा पलवी त्यस देशका राजा थिए । उनले इजरायल र अमेरिकासँग संलग्नता दिइरहेका थिए । त्यसैले समयको अन्तरालमा ती राजालाई सत्ताच्युत गरियो । रेजाजस्तै अमेरिकाप्रति आज्ञाकारी सरकार इरानमा स्थापना गरी सरकार परिवर्तन गर्न चाहन्छन् । हालसम्मको कारबाहीबाट केही हदसम्म परमाणु बम बनाउने भण्डारण ध्वस्त भएको दाबी संयुक्त राज्य अमेरिकाले गरेको छ । इरानले युरेनियम अन्यत्र अज्ञात ठाउँमा सारि सकेको आशंका पनि गरिँदै छ ।

इजरायलले खोमेनीको हत्या गर्ने प्रयास गर्दा अमेरिकी राष्ट्रपति ट्रम्पले नेतान्याहुलाई रोके । यसबाट त्रसित हुँदै खामेनीले आफ्नो हत्या भएमा तीनवटा व्यक्तिहरूमध्ये एकले उनको स्थान लिने गरी उत्तराधिकारीका विकल्प प्रस्तुत गरिसकेका थिए । त्यसैले दुईवटा उद्देश्य पूरा गर्न बाँकी छ । एउटा उद्देश्य पूरा भएको हो कि होइन ? सन्देह गरिँदै छ । इजरायललाई नामेट बनाउने गन्तव्यबाट इरान पछि हटेको छैन । यी तीनवटै उद्देश्यहरू पूरा नभई इरान र इजरायलका बीचको स्थायी शान्ति सम्भव देखिँदैन । यस अर्थमा अहिलेको युद्धविराम अस्थायी प्रकृतिको मात्रै हो ।

**युद्धरत देशहरूलाई भएको फाइदा र बेफाइदा :**

यी दुई देशहरूको बीचको युद्ध हवाई आक्रमणमा सीमित छ । इजरायलले इरानमाथि आक्रमण गरी रणनीति निर्माणमा संलग्न सैन्य प्रमुख, उच्चपदस्थ पदाधिकारी, वैज्ञानिकहरू धेरैलाई समाप्त पारिदिएको छ । लगातारको आक्रमणबाट इरानको एयर डिफेन्स प्रणालीलाई कमजोर बनाइदिएको छ । इरानको ड्रोन र मिसाइलको स्टकमा भारी कटौती गर्न सफल भएको छ । सैन्य नेतृत्व निकै कमजोर बनाइदिएको छ ।

राष्ट्रपति डोनाल्ड ट्रम्प नै प्रत्यक्ष युद्धमा होमिएका कारण इजरायललाई नाटो, युरोपियन युनियनजस्ता देशहरुसँग नजिक पुऱ्याउने वातावरण तयार भएको छ । अन्तर्राष्ट्रिय समर्थन प्राप्त गर्ने परिस्थिति बनेको छ । नेतान्याहुको स्थिति इजरायलभित्र अधिक मजबुत बनेको छ । संयुक्त राज्य अमेरिकाको बीटु बमवर्षक विमान प्रयोग गरेर इरानको ठूलो क्षति भएको दाबी गरे तापनि यसको पुस्ट्याइँ हुन सकेको छैन । तथापि मनोवैज्ञानिकरुपमा इरानलाई आतंकित बनाउन इजरायल सफल भएको छ । किनकि यो क्षमताका बमवर्षक विमानहरू अमेरिकामा मात्र १६ वटा रहेका छन् । अन्य देशले यो हतियार बनाउन सकेको छैन । इरानमा पुन: आक्रमण गरेर ठूलो क्षति पुऱ्याउन सक्छ ।

यो जानकारी खामेनीलाई स्पष्टरुपमा भएको छ । त्यही कारणले गर्दा उनी युद्धविराम गर्न मञ्जुर भएको हुनसक्छ । तर इजरायलका पनि थुप्रै सैन्य इलाकाहरू इरानी आक्रमणले ध्वस्त बनाइदिएका छन् । इरानले १२ दिनमा नौ चरणमा ड्रोन आक्रमण गरेको थियो । मिसाइल पनि इजरायलका करिब आधा दर्जन मुख्य शहर हरूमा प्रहार गरी थुप्रै क्षति पुऱ्याएको छ । केही आन्तरिक द्वन्द्वको अवस्था इरान आक्रमणपश्चात् इजरायलमा बन्दै गएको छ । दीर्घकालीन परमाणु सुरक्षा पुनर्निर्माणमा चुनौती थपिएको छ । यो इजरायलका लागि शुभ संकेत होइन ।

*बाँकी पृष्ठ-३...*

# १९ प्रतिशत खेतीयोग्य जमीनमा मात्रै वर्षैभर सिँचाइ, बाँकीमा वर्षाको भर





काठमाडौं/नेपालको अर्थतन्त्रमा सबैभन्दा ठूलो एकल हिस्सा ओगट्ने कृषि क्षेत्र सिँचाइ अभावले संकटमा परिरहेको छ । कृषि क्षेत्रले कुल गार्हस्थ्य उत्पादनको एक चौथाई हिस्सा ओगट्छ । तर, कुल कृषियोग्य जमिनको १९ प्रतिशतमा मात्रै वर्षैभर सिँचाइ सुविधा पुगेको सरकारी तथ्यांक छ ।

बाँकी जमिनमा खेती गर्ने जनताले बाली उत्पादनका लागि आकाशे पानीको भरोसामा रहनुपर्ने अवस्था छ । अर्थात्, वर्षा भए खेती हुन्छ, नभए हुन्न । सरकारले चालु आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनबाट ६ प्रतिशत आर्थिक वृद्धि प्राप्तिको लक्ष्य राखेको छ । आर्थिक वर्ष २०८१/८२ को राष्ट्रिय लेखा तथ्यांक प्रतिवेदन हेर्ने हो भने कुल गार्हस्थ्य उत्पादन (जीडीपी)मा सबैभन्दा ठूलो योगदान कृषि, वन तथा मत्स्य क्षेत्रले गर्छ । कृषि भित्र समेत मूख्य हिस्सा धानको छ ।

तर, अहिले मधेश प्रदेश र पश्चिम तराईको क्षेत्रमा धान रोपाइँ गर्ने समयमै खडेरी परेको छ । जसले गर्दा आधा भन्दा बढी क्षेत्रमा रोपाई गर्न सकिएको छैन । कृषकले वर्षा कुरेका छन् । प्रधानमन्त्री केपी शर्मा ओली विभिन्न पूर्वनिर्धारित कार्यक्रमको सिलसिलामा शुक्रबार मधेशका जिल्ला झरे । तर, उनले सामाजिक संजालमार्फत मधेशप्रति सहानुभूति देखाउन समेत भ्याए । महोत्तरी पुगेर प्रधानमन्त्रीले तराईमा तत्कालै ५ सय डिप बोरिङ जडानको समेत घोषणा गरे । तर, सरकारकै अक्षमताका कारण वर्षौंसम्म जिर्ण बनेका सिँचाइ आयोजनालाई गति दिनेबारे बोलेनन् ।

मौसमविद् उज्वल उपाध्यायका अनुसार डिप बोरिङ खडेरीको समाधान होइन । बरु यसले भूमिगत पानीको स्तर घटाउँछ र जलसंकट अझै गहिरो बनाउँछ । जसले गर्दा खडेरीको सम्भावना थप बढाउँछ । उनले दिगो समाधानका रुपमा प्रभावकारी पानी पुनर्भरणका विकल्प खोज्न सुझाव दिन्छन् ।

राष्ट्रिय तथ्यांक कार्यालयका अनुसार गत आव २०८१/८२ मा कृषि क्षेत्रको वृद्धिदर मात्र ३.२८ प्रतिशत थियो । गत वर्ष समयमै धान खेती भएको थियो भने वर्षासमेत पर्याप्त थियो । ११ असोजको बाढीले पहाडी भेग र तराईका केही फाँटमा क्षति गर्नुबाहेक धान खेतीमा ठूलो असर गरेको थिएन । यस वर्ष साउनको मध्य हुनलाग्दा समेत आधा मात्र धान खेती सम्भव हुनुले समग्र अर्थतन्त्रमा असर पर्ने देखिन्छ ।

आर्थिक सर्वेक्षण २०८१/८२ अनुसार फागुन २०८१ सम्म कुल सिँचाइ योग्य जमिन २५ लाख ३६ हजार ३१९ हेक्टरमध्ये ६२.२८ प्रतिशत जमीनमा मात्र सिँचाइ सुविधा बिस्तार भएको छ । कुल ३५ लाख ५७ हजार ७ सय ६४ हेक्टर कृषियोग्य जमीनमध्ये ४४.४ प्रतिशत जमीनमा मात्र सिँचाइ सुविधा पुगेको तथ्यांक छ । तर, बाह्रै महिना सिँचाइ सुविधा पुगेको जमिन करिब २० प्रतिशत मात्रै छ ।

सरकारले विनियोजन गर्ने बजेटको आकार पछिल्लो एक दशकमा बढेको देखिन्छ । तथ्यांक अनुसार हरेक वर्ष १३.६ प्रतिशत औसत प्रतिवर्ष बजेट बढेको छ । तर, सिँचाइ सुविधा पुगेको खेतीयोग्य जमिन मात्र औसत १.५ प्रतिशतले बढेको छ । यसले विनियोजित बजेट खर्च नहुने र सिँचाइका लागि वर्षाकै भर पर्नुपर्ने बाध्यता देखिन्छ ।

आर्थिक सर्वेक्षण २०८१/८२ अनुसार यस आवमा धानको उत्पादन ४.०४ प्रतिशतले बढेको अनुमान छ । अहिले वार्षिक धान उत्पादन ५९ लाख ५५ हजार ४७६ मेट्रिक टन पुगेको छ । यस वर्ष धानको औसत उत्पादकत्व ५.३८ प्रतिशतले बढेर ४.१९ मेट्रिक टन प्रतिहेक्टर पुगेको छ ।

### ६ प्रदेशमा पनि अर्थतन्त्रको मूख्य खम्बा हो कृषि

राष्ट्रिय तथ्यांक कार्यालयको आँकडाअनुसार प्रादेशिक जीडीपीमा समेत कृषिको अभिन्न योगदान छ । बागमतीबाहेकका सबै प्रदेशको जीडीपीमा मूख्य योगदान कृषि, वन र मत्स्यको रहेको छ । नेपालको अर्थतन्त्रको आकार ६१ खर्ब ७ अर्ब रहने अनुमान छ । यसमध्ये कोशी प्रदेशले नेपालको अर्थतन्त्रमा १५.९ प्रतिशत योगदान गर्छ । कोशी प्रदेशको जीडीपीमा कृषिको योगदान ३४.०५ प्रतिशत रहने अनुमान छ । जुन सबैभन्दा धेरै हो ।

मधेश प्रदेशले नेपालको कुल गार्हस्थ उत्पादनमा १३.१६ प्रतिशतको योगदान गर्ने देखिन्छ । मधेश प्रदेशमा समेत कृषि, वन तथा मत्स्य क्षेत्रको योगदानको सबैभन्दा बढी हिस्सा रहेको छ । यस प्रदेशमा कृषिको हिस्सा ३६.७३ प्रतिशत रहेको छ ।

बागमती प्रदेशले नेपालको जीडीपीमा ३६.५२ प्रतिशत हिस्सा ओगट्छ । तर, यो प्रदेशमा पहिलो हिस्सा भने थोक तथा खुद्रा व्यापार क्षेत्रको रहेको छ । कृषिको योगदान कम रहेको छ । गण्डकी प्रदेशले मुलुकको जीडीपीमा ८.९८ प्रतिशत योगदान गर्छ । यस प्रदेशको समेत मूख्य क्षेत्र कृषि, वन र मत्स्य हो । सो क्षेत्रले प्रदेश जीपीडीमा २७.१० प्रतिशत हिस्सा ओगट्छ । गत आवको तुलनामा कृषिको योगदान अझ बढेको देखिएको छ ।

लुम्बिनी प्रदेशले जीडीपीमा १४.२३ प्रतिशत योगदान गर्ने अनुमान छ । यस प्रदेशको जीडीपीमा भने कृषिले सबैभन्दा धेरै ३१.०२ प्रतिशत योगदान दिन्छ । कर्णाली प्रदेशले मुलुकको जीडीपीमा ४.१९ प्रतिशतको योगदान दिन्छ । कार्यालयका अनुसार यस प्रदेशको जीडीपीमा भने कृषिले सबैभन्दा धेरै ३१.५० प्रतिशत हिस्सा ओगट्छ । सुदूरपश्चिम प्रदेशले मुलुकको जीडीपीमा ७.०३ प्रतिशत योगदान गर्ने अनुमान छ । प्रादेशिक जीडीपीमा सबैभन्दा धेरै योगदान कृषिको ३४.७२ प्रतिशत रहने कार्यालयले जनाएको छ ।

### कृषक, अर्थतन्त्र र वैदेशिक व्यापारमा पर्न सक्छ संकट

विज्ञहरुका अनुसार अहिले मधेश र तराई भेगमा देखिएको खडेरीले एकसाथ तीन पक्षमा प्रत्यक्ष संकट निम्त्याउन सक्छ । राष्ट्रिय योजना आयोगका पूर्वसदस्य तथा अर्थविद् डा राम कुमार फुँयालका अनुसार कृषकले आफ्नो फसल उत्पादन गर्न नपाउँदा उनीहरुको आम्दानीको स्रोत गुम्छ ।

त्यसले गरिबी बढाउँछ र कृषकले रोजीरोटीका लागि ऋण काड्नु पर्ने अवस्था सिर्जना गर्छ । यस्ता कृषकको संख्या ठूलो हुँदा आगामी दिनमा अझ संकट निम्तने खतरा हुन्छ । दोस्रो कृषि उत्पादनको असर अर्थतन्त्रमा प्रत्यक्ष पर्छ ।

कृषि क्षेत्रमध्ये धानको हिस्सा ८० प्रतिशत हाराहारी रहेको भन्दै उनले अहिले लिइएको ६ प्रतिशतको आर्थिक वृद्धिदर प्राप्त गर्न कृषिले कम्तिमा ४ प्रतिशत वृद्धिको जिम्मा दिनुपर्ने बताउँछन् । त्यसो हुन नसके सरकारले लिएको लक्ष्य फेल हुन्छ । तेस्रो यसले आयात बढाउँछ ।

वैदेशिक मुद्रा विदेशिन्छ । अहिले पनि नेपालमा आवश्यकता भन्दा बढी धान आयात भइरहेको तथ्यांकले देखाइरहँदा भोली त्यो अवस्था अझ भयाभह हुने हो की भन्ने आशंका गर्न सकिने उनी बताउँछन् । यो समस्या समाधानका लागि तत्कालका लागि भएका विकल्पको अधिकतम प्रयोग र दीर्घकालिन समाधानका लागि अगाडी बढेका ठूला आयोजनाको सीघ्र काम सक्नेतर्फ सरकारले ध्यान दिनुपर्ने उनको सुझाव छ ।

*(स्रोत: अनलाइनखबर)*

# इजरायल-इरान युद्धविराम...

इरानतर्फ पनि मिश्रित किसिमको अवस्था देखियो । सबैभन्दा राम्रो पक्ष भनेको खामेनी बच्न सफल भए । उनलाई अमेरिकाले मार्नबाट बचाइदिएको समाचार सम्प्रेषित भयो । इरानभर अमेरिका र इजरायल विरोधी भावना तीव्र बढ्यो । यसले खामेनीको गन्तव्य र सोचलाई थप समर्थन प्राप्त भयो । युद्धविराम अवधिमा इरानले आफ्नो आणविक र सामरिक क्षमता वृद्धि गरी शक्ति आर्जन गर्ने अवसर पायो । युद्धले निरन्तरता पाएको भए इरानमा धेरै ठूलो विध्वंश हुने थियो । सम्भवत: खामेनी मारिने थिए । यो अवस्थाबाट बचेर कुशल रणनीतिका साथ अघि बढ्न इरानलाई अवसर मिलेको छ ।

**सम्भव होला स्थायी शान्ति ?**

युद्ध समाप्त भई शान्ति स्थापना हुनका लागि दुईवटा सर्तहरू हुन्छन् । युद्ध उत्कर्षमा पुगी कुनै एक पक्षले पराजय भोगेको हुनुपर्दछ । यसबाट थप क्षति हुन नदिनको लागि युद्धविराम हुन्छ । युद्ध अन्त्य हुन्छ । पराजित पक्षले विजयी पक्षलाई आफूभन्दा धेरै शक्तिशाली सोचेको हुन्छ । दोस्रो हो, युद्धलाई निरन्तरता दिँदा हुने फाइदाभन्दा बेफाइदा धेरै बढी हुन्छ । यी पक्षहरूको विश्लेषण युद्धरत पक्षहरूले गर्दछन् । इजरायल र इरानको केसमा एकले अर्कालाई धेरै शक्तिशाली प्रमाणित गर्न सकेनन् । धेरै कमजोर पनि साबित भएनन् । विश्व परिवेशमा दुई देशहरुमध्ये कुनै एकलाई तिरस्कार गरिएको अवस्था पनि रहेन । इरानले आईएईएको निर्देशनको अवज्ञा पटक-पटक गर्दा पनि विश्वले यस देशलाई अर्घेलो सोचेर भर्त्सना गरेको पाइएन । विश्व समुदायले इरानलाई ठूलै व्यापारिक साझेदार मानेको छ । यो छोटो अवधिको युद्धमा दुवै पक्षले क्षति व्यहोर्नुपर्‍यो । यद्यपि इरानले बढी क्षति बेहोरेको यथार्थ छिपेको छैन । तर इजरायलले पनि अवरोधक मिसाइलहरूको स्टक समाप्त हुने अवस्थामा आफैँलाई पुर्‍यायो । अर्थतन्त्र कमजोर बनायो ।

दुवै देशहरूको युद्धरत रहँदा लागत अत्यधिक बढ्दै जाने तर स्रोत घट्दै जाने अवस्था बन्यो । सिरियाका मलेसिया र हेजबुलालाई कमजोर बनाएका कारण इजरायललाई इरानसँग युद्ध गर्न केही सहज अवस्था बन्यो । तर पनि इरानको मनोबल कमजोर बनाउन इजरायलले सकेन । रणनीतिक लक्ष्य हासिल पनि आंशिकरुपमा मात्र गर्न सफल भयो । इरानले इजरायललाई उसको रणनीतिक क्षमताको आँकलन गर्न सक्ने अवसरसम्म पनि दिएन । इरानी जनता इजरायलको आक्रमण व्यक्ति र सत्ताविरुद्ध होइन, समग्र देशविरुद्धको रहेको निष्कर्षमा पुगे ।

यसबाट तानाशाह खामिनीलाई बल पुग्यो । इरानी जनताले इजरायलविरुद्धको विनाशकारी मनसायको प्रतिकको रुपमा रहेको डुम्स डे क्लकमाथि भएको आक्रमणलाई अत्यन्त हास्यास्पद माने । यस आक्रमणले इजरायल विरुद्ध इरानका नागरिक गोलबद्ध हुने अवस्था बन्यो । अब को कमजोर, को सुदृढ हो ? यसको दुविधा दुवै राष्ट्रहरुमा रह्यो । यसबाट सिधै पछि हट्ने मनस्थितिमा दुवै राष्ट्रहरू रहेनन् ।

*(साभार: न्यूज अफ नेपाल)*

# हेटौंडा र पालुङमा युवा संघले गरे वृक्षरोपण



साझाकुरा संवाददाता

हेटौंडा, १० साउन/ राष्ट्रिय युवा संघ नेपाल मकवानपुरले हेटौंडा-९ को कर्णावती छ्योदेन गुम्बा परिसरमा वृक्षरोपण गरेको छ ।

युवा संघको एक महिने वृक्षरोपण अभियानअन्तर्गत शनिबार जिल्ला कमिटीको आयोजनामा वृक्षरोपण भएको हो । गुम्बा परिसरको खाली रहेको जमिनमा कागती, अम्बा, लिची, जामुन, तेजपत्तालगायत फलफूल जातका १०० भन्दा बढी बिरुवा रोपिएको हो । युवा संघ नेपाल मकवानपुरका अध्यक्ष राजेश नगरकोटीको अध्यक्षतामा भएको कार्यक्रममा नेकपा एमाले केन्द्रीय कमिटी सदस्य एवम् मकवानपुर इन्चार्ज रामेश्वर राना, बागमती प्रदेश कमिटी सदस्य एवम् पूर्वमन्त्री एकालाल श्रेष्ठ, एमाले जिल्ला कमिटी उपाध्यक्ष हिदम लामा, सचिव सीता बिष्ट, उपसचिव आरती पाठक र फुर्वा लामा, युवा संघका केन्द्रीय कमिटी सदस्य एवम् मकवानपुर इन्चार्ज प्रतिमा श्रेष्ठ, केन्द्रीय सदस्य सागर पाण्डेलगायत युवाको सहभागिता रहेको थियो ।

युवा संघ नेपालले असार १४ गतेदेखि साउन १४ गते १ महिनालाई विशेष अभियानका साथ वृक्षरोपण अभियान चलाएको युवा संघ मकवानपुरका अध्यक्ष नगरकोटीले बताएका छन् । नगरकोटीका अनुसार युवासंघ थाहानगर कमिटीले पनि शनिबार पालुङमा वृक्षरोपण गरेको छ । धुपी, कृष्णकली र गोदावरी फूलका बिरुवा रोपिएको युवा संघ नेपाल थाहानगर अध्यक्ष सुमन रायमाझीले बताए । वृक्षरोपण कार्यक्रममा युवा संघ थाहानगर उपाध्यक्ष प्रवीण घलान, उपसचिव सुसन कार्की, यार्साङ बल, सदस्य संग्राम कार्की, बिष्णुहरि बर्तौला, प्रमोद श्रेष्ठलगायतको सहभागिता रहेको थियो ।

# वाईसिएलद्वारा श्रमिक पार्कमा वृक्षरोपण

साझाकुरा संवाददाता



हेटौंडा, १० साउन/ नेकपा (माओवादी केन्द्र)को सहायक संगठन योङ कम्युनिष्ट लिग (वाईसिएल) नेपाल जिल्ला कमिटी मकवानपुरको आयोजनामा हेटौंडा-४ स्थित श्रमिक पार्क सरसफाइ तथा बृक्षरोपण भएको छ ।

'श्रम तथा उत्पादनमा वाइसिएल' भन्ने नाराकासाथ वाइसिएल नेपाल मकवानपुरले श्रमिक पार्क सरसफाई गरेको मकवानपुर अध्यक्ष मुक्ति लामाले बताए । यसअघि वाईसिएल नेपाल मकवानपुरले बकैया गाउँपालिकामा भलिबल कोर्ट निर्माणमा श्रमदान गरेको र आगामी दिनहरुमा पनि श्रम, उत्पादन र सामाजिक क्षेत्रमा निरन्तर योगदान पुर्‍याउने अध्यक्ष लामाले बताए ।

सरसफाइ कार्यक्रममा नेकपा माओवादी केन्द्रकी केन्द्रीय सदस्य कुमारी मोक्तान, बागमती प्रदेश कमिटी उपाध्यक्ष प्रेमबहादुर पुलामी, केन्द्रीय सदस्य एवम् मकवानपुर जिल्ला इन्चार्ज विजय गौतम, प्रदेश सचिवालय सदस्य ललित घलान, वीरबहादुर घलान 'ज्वाला', प्रदेश कमिटी सदस्य बिबेक राइ, मकवानपुर जिल्ला संयोजक भीम पाखिन, वाइसिएल नेपाल फ्याक्सन इन्चार्ज सुमन पाखिन, केन्द्रीय सदस्य एवम् मकवानपुर इन्चार्ज कमल अर्याल, केन्द्रीय सदस्य दीपेन्द्र अधिकारी, बागमती प्रदेश कमिटी सचिव बिष्णु नेगी, सदस्य मदन उप्रेती, प्रेस सेन्टर नेपाल केन्द्रीय सदस्य ध्रुबराज ढकाल लगायतको सहभागिता रहेको थियो ।

"मकवानपुरको शिक्षामा शान, गुणास्तरीय शिक्षा, भुटनदेवी मा वि को पहिचान"

भर्ना खुल्यो ! भर्ना खुल्यो ! भर्ना खुल्यो !

शैक्षिक गुणस्तरमा सामुदायिक विद्यालय तर्फ मकवानपुर जिल्लामै उत्कृष्ट नतिजा हासिल गर्ने सफल यस भुटनदेवी मा. वि. हेटौडा-४ मा शैक्षिक सत्र २०८२ का लागि विज्ञान, व्यवस्थापन र ३ वर्षे डिप्लोमा सिभिल इन्जिनियरिङ्गमा धमाधम भर्ना खुल्यो।

**हाम्रा विशेषताहरु:**

१) अत्याधुनिक Computer lab, Science lab/Civil Engineering ल्याबको व्यवस्था भएको ।
२) Multimedia तथा Interactive Board को प्रयोग गरी कक्षा संचालन गरिने ।
३) उपयुक्त भौतिक पूर्वाधार सहितको प्रविधिमैत्री कक्षाकोठा तथा पर्याप्त खेल मैदान भएको ।
४) सुन्दर, शान्त एवम् रमणीय वातावरणमा अध्यापन गराइने ।
५) दक्ष एवम् अनुभवी शिक्षक/प्रशिक्षकहरूद्वारा अध्यापन गराइने ।
६) गरिब तथा जेहेन्दार विद्यार्थीहरुलाई छात्रवृत्रिको व्यवस्था भएको

**हाम्रो छात्रवृत्रि कार्यक्रम :**

SEE परीक्षामा

- 3.61 वा सो भन्दा माथि GPA प्राप्त गर्ने विधार्थीलाई भर्ना र मासिक शुल्कमा पूर्ण छुट ।
- GPA-3.21 देखि 3.6 सम्मा प्राप्त गर्ने विद्यार्थीलाई मासिक शुल्कमा पूर्ण छुट
- GPA-2.81 देखि 3.2 सम्म प्राप्त गर्ने विद्यार्थीलाई भर्ना र मासिक शुल्कमा ५०% छुट
- GPA-2.41 देखि 2.8 सम्म प्राप्त गर्ने विद्याधीलाई मासिक शुल्कमा ५०% छुट
- GPA-1.6 देखि 2.4 सम्म प्राप्त गर्ने विद्याथीलाई मासिक शुल्कमा २५%. छुट
- भर्ना फारम धमाधम वितरण भइरहेकोले तुरुन्त सम्पर्क गर्नु होना।

थप जानकारीको लागि:

**श्री भुटनदेवी माध्यमिक विद्यालय (प्राविधिक शिक्षालय)**

हेटौंडा-४, मकवानपुर

सम्पर्क नं.: ९८४५४५९८०५, ९८४५२८६८३०, ९८५५०७१६०७

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल सम्पर्क नं.: ०५७-५९०३३३

भर्ना खुल्यो ! भर्ना खुल्यो !

3 YEARS
HA, LAB TECHNOLOGY, PHYSIOTHERAPY, RADIOGRAPHY

SEE/SLC पास पछिको ३ वर्षे प्रमाणपत्र तहमा CTEVT बाट मान्यता प्राप्त यस शिक्षण संस्थामा शैक्षिक सत्र २०८२/०८३ को लागि निम्न कार्यक्रमहरुमा भर्ना खुल्यो । मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका (SEE/SLC) परिक्षामा अनिवार्य गणित, अंग्रेजी र विज्ञान विषयलिई समग्रमा Grade Point Average (GPA) न्यूनतम २ प्राप्त हुनु पर्नेछ ।

MTI का विशेषताहरु

- उत्कृष्ट एवं अनुभवी प्राध्यापकहरुद्वारा अध्यापन गराईने
- उत्कृष्ट पूर्वाधार प्राप्त-OJT को व्यवस्था
- स्वच्छ, शान्त, पारिवारिक एवं मनोरम शैक्षिक बातावरणमा पठनपाठन हुने
- विद्यार्थीहरूलाई प्रोजेक्टरको माध्यमबाट पठनपाठन गराईने
- उत्कृष्ठ ल्याबको सुविधा
- उत्कृष्ठ नतिजा
- २९ वर्ष देखि निरन्तर चलिरहेको संस्था

CTEVT को स्वास्थ्य विषयमा पढ्न चाहने विद्यार्थीहरूलाई सुवर्ण अवसर

कार्यक्रमहरू

| | |
|---|---|
| Health Assistant (HA) | 40 सिट |
| PCL Lab Technology | 30 सिट |
| PCL Radiography | 30 सिट |
| PCL Physiotherapy | 40 सिट |

फारम शुल्क रु १०००/-

- फारम वितरण मिति: २०८२/04/06 गते मंगलवार देखि
- फारम बुझाउने अन्तिम मिति: २०८२।04।२५ गते आइतवार बेलुका 4:30 सम्म

मकवानपुर टेक्निकल इन्ष्टिच्युट

हेटौंडा-५ भैरव रोड, सम्पर्क: ०५७-५२१८५२, ९८५५०३१९१०, ९८६०२०२६७१, ९८५५०१२८५२

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# एकता अनुभव र लगानीलाई समृद्धिमा रुपान्तरण गरौं: मन्त्री काफ्ले




साझाकुरा संवाददाता

हेटौंडा, १० साउन/ बागमती प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री कुन्दनराज काफ्लेले गैरआवासीय नेपाली बीचको एकता, अनुभव र लगानीलाई नेपालको समृद्धिमा रुपान्तरण गर्न सकिने बताएका छन् ।

गैरआवासीय नेपाली संघ (एनआरएनए) दक्षिणकोरियाको १० औं राष्ट्रिय महाधिवेशनको उद्घाटनसत्रलाई सम्बोधन गर्दै मन्त्री काफ्लेले एनआरएनए कोरियालाई नेपाली समुदायको साझा संस्था बनाई नेपाल र नेपालीको हितमा केन्द्रित गर्नुपर्नेमा जोड दिए । 'गैरआवासीय नेपालीबीच देखिएको मतभेद समाधान गरी संस्थालाई अझ जिम्मेवार र जनमुखी बनाउनु आजको आवश्यकता हो,' उनले भने, 'एनआरएनए सशक्त, समावेशी र परिणाममुखी बन्नसके मात्र विश्वभर छरिएका नेपालीको हित सुनिश्चित गर्न सक्छ ।'

उनले विदेशमा आर्जित सीप, ज्ञान र अनुभवलाई संस्थागत रुपमा नेपालमा स्थानान्तरण गर्नुपर्ने आवश्यकता औंल्याए। 'यहाँ सिकिएको प्रविधि, दक्षता र अनुशासन नेपालमा लगियो भने त्यो समृद्धिको भरपर्दो आधार बन्न सक्छ' मन्त्री काफ्लेले भने । विदेशको भूमिमा रहेर पनि मातृभूमिको समृद्धिको सपना देख्ने सबैलाई धन्यवाद दिँदै उनले भने, 'कोरियामा आर्जित पूँजी र सीपलाई अब उत्पादनमुखी क्षेत्रमा लगानी गरौं, सरकार सहकार्य गर्न तयार छ ।' उनले बागमती प्रदेश सरकार गैरआवासीय नेपालीसँग आवश्यक समन्वय गर्न तयार रहेको भन्दै योजनाबद्धरुपमा नेपालमा लगानी गर्न आग्रह गरे ।

कोरियामा रहेका समस्याग्रस्त नेपालीको पहिचान गरी समाधानका लागि पहल गरिने प्रतिबद्धता पनि व्यक्त गरे । एनआर एनए दक्षिणकोरियाका अध्यक्ष बुद्धि गुरुङको अध्यक्षतामा सम्पन्न कार्यक्रममा संघका विभिन्न पदाधिकारीले एनआरएनएको बृहत्तरहितमा विचार प्रस्तुत गरेका थिए । संघको नयाँ नेतृत्व चयनका लागि आइतबार निर्वाचन हुने कार्यक्रम छ ।

# लोकसंगीत चौतारीको पहिलो वार्षिकोत्सव



साझाकुरा संवाददाता

हेटौंडा, १० साउन/ मौलिक लोकगीतसंगीतको संरक्षण तथा प्रवर्द्धन गर्ने उद्देश्यले स्थापना भएको लोक संगीत चौतारी मकवानपुरको पहिलो वार्षिकोत्सव शनिबार सम्पन्न भएको छ ।

बागमती प्रदेशसभा सदस्य प्रेमबहादुर पुलामी 'छिन्तु'को प्रमुख आतिथ्यतामा शनिबार हेटौंडा-२ बनस्खण्डीमा कार्यक्रमको आयोजना गर्दै वार्षिकोत्सव मनाइएको हो । कार्यक्रममा प्रमुखअतिथि पुलामीले लोकगीत, लोकसंस्कृति र मौलिक पहिचानको संरक्षण अत्यावश्यक भएको बताए । लोकसंगीतको संरक्षणमा चौतारीले दिएको योगदानको उनले चर्चा गरे । स्थानीय मौलिकता जगेर्ना गर्न यस्ता संस्थाले महत्वपूर्ण भूमिका खेल्ने उनको धारणा थियो ।

कार्यक्रममा विधानलेखन मस्यौदा समिति संयोजक गणेश तिमल्सिनालाई संस्थाको तर्फबाट सम्मानपत्र प्रदान गरिएको थियो । संस्थालाई विभिन्न क्षेत्रबाट सहयोग पुऱ्याउने व्यक्तित्वलाई पनि सम्मान गरिएको थियो । कार्यक्रममा शारीरिक अशक्तता भएकी मिथिला अधिकारीलाई नि:शुल्क आजीवन सदस्यता प्रदान गरिएको थियो । लोक चौतारीले हरेक शनिबार बिहान साढे ११ बजेबाट भक्तिभजन र दिउँसो १ बजेबाट ५ बजेसम्म लोकदोहोरी कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ ।

कार्यक्रममा हेटौंडाको पर्यटकीयस्थल समेटिएको सांगीतिक कोसेलीका साथै अन्य विविध लोकदोहोरी प्रस्तुत गरिएको थियो । लोकसंगीत चौतारी मकवानपुरका अध्यक्ष सीताराम खनालको अध्यक्षतामा भएको कार्यक्रममा भूमि आयोग मकवानपुरका विज्ञसदस्य अर्जुन चौलागाई लगायतको उपस्थिति थियो ।

# मकवानपुरे स्रष्टा बर्तौलाको 'उज्यालोका बाछिट्टा' को विमर्श

साझाकुरा संवाददाता

हेटौंडा, १० साउन/ मकवानपुरका स्रष्टा डीबी बर्तौलाको मुक्तकसंग्रह 'उज्यालोका बाछिट्टा' को विमर्श गरिएको छ ।

सम्पूर्ण किताब नारायणगढले आयोजना गरेको कार्यक्रममा बर्तौलाको मुक्तक संग्रहका बारेमा समालोचक उदय अधिकारीले समीक्षात्मक टिप्पणी राखेका थिए । कार्यक्रममा रमेश प्रभातले स्वागत मन्तव्य राख्दै बर्तौलाले मुक्तकलेखनमा आफूलाई निरन्तर समाहित गरेर सफलता प्राप्त गरेको बताएका छन् । समालोचक अधिकारीले बर्तौलाका मुक्तकहरु चोटिला, व्यङ्ग्यात्मक र सरल भएका बताए ।

कार्यक्रममा बर्तौलाले २० भन्दा धेरै मुक्तक सुनाएका थिए । कार्यक्रममा सहभागी हुन बर्तौलासँगै साहित्य संगम मकवानपुरका उपाध्यक्ष सानू खनाल, मुक्तक मञ्च मकवानपुर सचिव सुवास सजल, गजल मञ्च मकवानपुर सचिव कमल नेपाल, मुक्तक मञ्च मकवानपुर कोषाध्यक्ष मिथिला अधिकारी, नवसर्जक साहित्य चौतारीकी केन्द्रीय महासचिव स्वस्तिका दाहाल, मुक्तक मञ्च मकवानपुरकी सहसचिव स्वस्तिका बानियाँ, मुक्तक मञ्च मकवानपुर पूर्वसचिव गोकर्ण लामाक्स, नवसर्जक साहित्य चौतारीकी केन्द्रीय सदस्य विविशा रुम्बा, अग्रज स्रस्टा मुना अर्याल लगायतको आतिथ्यता रहेको थियो ।

मुक्तकवाचनका क्रममा स्रस्टा बर्तैलाले चितवन र मकवानपुर को एकता र मित्रता दिगोरुपमा आएको बताए । चितवनको साहित्यिक संस्कार लोभलाग्दो भएको बताउँदै बर्तौलाले भने, 'चितवनबाट सिक्नु पर्ने धेरै कुरा छन् । यहाँको सम्पूर्ण किताब व्यावसायिक मात्र नभई भाषासाहित्यका लागि महत्वपूर्ण कार्य गर्दै आएको र चितवनबाट अग्रज, समकालीन र अनुजलाई मिलाउने संस्कार अनुकरणीय छ ।'

"समवाप्तमन: स्थितिश्च सद्यो विषयेच्छादिभिराधिभिश्च मुक्त: ।"

हार्दिक समवेदना



जन्म:
२००९ भदौ ०९ गते

स्वर्गारोहण:
२०८२ साउन ०५ गते

स्व: पौषमाया बज्राचार्य

मेरी सम्धीनीज्यू **पौष माया बज्राचार्य**को असामयिक निधन भएको आज ७ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चीरशान्ति तथा बैकुण्ठबासको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दु:खद् अवस्थालाई सहन गर्न सक्ने शक्ति प्राप्त होस् भनी शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

लक्ष्मीदेवी बज्राचार्य
एवम्
**समस्त बज्राचार्य परिवार**
हेटौंडा-२

हार्दिक समवेदना



जन्म:
२००९ भदौ ०९ गते

स्वर्गारोहण:
२०८२ साउन ०५ गते

स्व: पौषमाया बज्राचार्य

मेरा आत्मीय दाजुहरु श्री राजुरत्न बज्राचार्य तथा श्री लालकाजीरत्न बज्राचार्यका ममतामयी माता **पौषमाया बज्राचार्य**को असामयिक निधनले अत्यन्तै मर्माहत भएको छु । आज ७ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चीरशान्ति तथा बैकुण्ठबासको कामना गर्दै शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछु ।

सविन न्यौपाने
(वडा अध्यक्ष)
**हेटौंडा उपमहानगरपालिका**
१ नं. वडा समितिको कार्यालय

हार्दिक समवेदना



जन्म:
२००९ भदौ ०९ गते

स्वर्गारोहण:
२०८२ साउन ०५ गते

स्व: पौषमाया बज्राचार्य

यस कम्पनीका शुभचिन्तक श्री राजुरत्न बज्राचार्य तथा श्री लालकाजीरत्न बज्राचार्यका ममतामयी माता **पौषमाया बज्राचार्य**को असामयिक निधनले हामी अत्यन्तै मर्माहित भएका छौं । आज ७ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चीरशान्ति तथा बैकुण्ठबासको कामना गर्दै शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

प्रकाश पुरी (अध्यक्ष)
एवम्
प्रदीप कँडेल (प्रबन्ध निर्देशक)

**दियालो फोर्स सेक्युरिटी प्रा.लि., परिवार**
काठमाडौं-९, सिनामङ्गल
कर्पोरेट अफिस: हेटौंडा-४, मकवानपुर

हार्दिक समवेदना



जन्म:
२००९ भदौ ०९ गते

स्वर्गारोहण:
२०८२ साउन ०५ गते

स्व: पौषमाया बज्राचार्य

यस प्रज्ञा महाविहार तथा धर्म गुठीका सदस्य श्री राजुरत्न बज्राचार्य तथा श्री लालकाजीरत्न बज्राचार्यका ममतामयी माता **पौषमाया बज्राचार्य**को असामयिक निधनले हामी सबैलाई अत्यन्तै दु:खी बनाएको छ । आज ७ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चीरशान्ति तथा बैकुण्ठबासको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दु:खद् अवस्थालाई सहन गर्न सक्ने शक्ति प्राप्त होस् भनी शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**प्रज्ञा महाविहार तथा धर्म गुठी, परिवार**
हेटौंडा-१, चौकीटोल

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना